बैठक नं.१

आज मिति २०७९/०२/२५ गतेका दिन स्थानीय तहको निर्वाचन, २०७९ पश्चात बुटवल उपमहानगरपालिकामा निर्वाचित भई आउनु भएका यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ७.०० बजे ।

स्थान : नगर कार्यपालिकाको वैठक कक्ष ।

उपस्थिति

सि.नं.	नाम थर	पद	हस्ताक्षर
१	खेलराज पाण्डेय	प्रमुख	
२	सावित्रादेवी अर्याल	उपप्रमुख	
३	नरेन्द्र बस्नेत	सदस्य	
४	सुनिल शाक्य	सदस्य	
५	विष्णु ढकाल	सदस्य	
६	नरिश्वर शर्मा	सदस्य	
७	हरि प्रसाद श्रेष्ठ	सदस्य	
८	लोकनाथ न्यौपाने	सदस्य	
९	पदमराज गाहा	सदस्य	
१०	यज्ञ प्रसाद पंगेनी	सदस्य	
११	प्रदिपकुमार श्रेष्ठ	सदस्य	
१२	बल बहादुर पुन मगर	सदस्य	

सि.नं.	नाम थर	पद	हस्ताक्षर
१३	रामचन्द्र क्षेत्री	सदस्य	
१४	डिल्ली प्रसाद शर्मा उपाध्याय	सदस्य	
१५	नारायण प्रसाद पुन	सदस्य	
१६	दधिराम न्यौपाने	सदस्य	
१७	शिव राना	सदस्य	
१८	कृष्ण प्रसाद पौडेल	सदस्य	
१९	ज्ञान बहादुर रेशमी	सदस्य	
२०	गुरु प्रसाद पंगेनी	सदस्य	
२१	चन्द्रसिंह थापा मगर	सदस्य	
२२	निलम गौतम	सदस्य	
२३	कृष्ण बहादुर सुनार	सदस्य	
२४	बसन्ती वि.क.	सदस्य	
२५	रिता भुसाल	सदस्य	
२६	सुनिता खड्लुक	सदस्य	
२७	राधादेवी पौडेल	सदस्य	
२८	यम बहादुर सुनार	सदस्य	
२९	हेमा थामी	सदस्य	
३०	वीरेन्द्रदेव भारती	प्रमुख प्रशासकीय अधिकृत	

प्रस्ताव नं.१.१
परिचय एवं स्वागत सम्बन्धमा ।
निर्णय नं.१.१
बुटवल उपमहानगरपालिकाका लागि निर्वाचित प्रमुख, उपप्रमुख सहित सबै कार्यपालिकाका सदस्यहरु र प्रमुख प्रशासकीय अधिकृतवीच परिचय एवं प्रमुख प्रशासकीय अधिकृतबाट स्वागत र ज्ञातअज्ञात शहिदहरु प्रति सम्मानका लागि एक मिनेट मौनधारण सहित परिचयात्मक कार्यक्रम सम्पन्न भयो ।

प्रस्ताव नं.१.२
धन्यवाद ज्ञापन सम्बन्धमा ।
निर्णय नं.१.२
स्थानीय तहको निर्वाचन २०७९ को माध्यमबाट हामीलाई यस बुटवल उपमहानगरपालिकाको नेतृत्व गर्ने गरी निर्वाचित गराउनु हुने सम्पूर्ण उपमहानगरवासी बुवा, आमा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सम्पूर्ण मतदाताहरुप्रति उच्च सम्मान गर्दै निर्वाचनमा अहोरात्र खटिनु हुने सबै राजनैतिक दलका नेता तथा कार्यकर्ता, स्वयंमसेवक, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालयमा रहनु हुने निर्वाचन अधिकृत सहितको टोली लगायत सम्पूर्ण उपमहानगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । साथै यस उपमहानगरपालिकामा २०७४ सालमा निर्वाचित प्रमुख, उपप्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधिहरुलाई नगरको समग्र विकासमा पुऱ्याउनु भएको योगदान प्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१.३
नगरसभाको मिति तोक्ने सम्बन्धमा ।
निर्णय नं.१.३
बुटवल उपमहानगरपालिकाको नगरसभाको ११ औं अधिवेशन देहायको मिति, समय र स्थानमा बस्ने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।
मिति : २०७९।३।८ गते, बुधवार ।
समय : दिनको १:०० बजे ।
स्थान : नगरकार्यपालिकाको सभाहल ।

प्रस्ताव नं.१.४
विषयगत समितिहरुको गठन सम्बन्धमा ।
निर्णय नं.१.४
कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ को प्रावधान बमोजिमका देहायका समितिहरुलाई आगामी नगरकार्यपालिकाको बैठकबाट पूर्णता दिने गरी हाललाई देहाय बमोजिमका कार्यपालिका सदस्यहरुलाई देहाय बमोजिम हुने गरी संयोजक तोक्ने निर्णय गरियो ।

१.सार्वजनिक सेवा तथा क्षमता विकास समिति :

श्री पदमराज गाहा -संयोजक
वडाध्यक्ष वडा नं.७

२.आर्थिक विकास समिति :

श्री डिल्ली प्रसाद शर्मा उपाध्याय -संयोजक
वडाध्यक्ष वडा नं.१२

३.सामाजिक विकास समिति :

श्री प्रदिप कुमार श्रेष्ठ -संयोजक
वडाध्यक्ष वडा नं.९

४.पूर्वाधार विकास समिति :

श्री नारायण प्रसाद पुन -संयोजक
वडाध्यक्ष वडा नं.१३

५.वातावरण तथा विपद् व्यवस्थापन समिति :

श्री रामचन्द्र क्षेत्री -संयोजक
वडाध्यक्ष वडा नं.११

६.विधेयक समिति :

श्री नरेन्द्र बस्नेत -संयोजक
वडाध्यक्ष वडा नं.१

प्रस्ताव नं.१.५
समितिलाई पूर्णता दिने सम्बन्धमा ।
निर्णय नं.१.५
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिम राजश्व परामर्श समितिमा नगरकार्यपालिकाका सदस्यहरुमध्येबाट एक जना महिला सदस्य सहित दुई जना सदस्य रहने व्यवस्था भए बमोजिम यस नगरकार्यपालिकाका देहायका सदस्यहरुलाई राजश्व परामर्श समितिको सदस्य तोक्ने निर्णय गरियो ।

१.नरिश्वर पौडेल -वडाध्यक्ष, वडा नं.४, कार्यपालिका सदस्य
२.वसन्ति वि.क. -वडा नं.१६, कार्यपालिका सदस्य

प्रस्ताव नं.१.६
वडा भेलाको समय निर्धारण सम्बन्धमा ।
निर्णय नं.१.६
आगामी आ.व.०७९/०८० का लागि बार्षिक बजेट नीति तथा कार्यक्रम तयारी गर्नुपर्ने भएको हुँदा मिति २०७९।३।१ गते भित्रमा वडा भेलाहरु सम्पन्न गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१.७
जाँचपास तथा फरफारक समिति गठन सम्बन्धमा ।
निर्णय नं.१.७
बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट संचालन एवं कार्यान्वयन भई सम्पन्न समेत भएका आयोजनाहरुको जाँचपास तथा फरफारक गर्नुपर्ने कानूनी व्यवस्था भएको हुँदा आयोजना जाचपाँस तथा फरफारक प्रयोजनका लागि आगामी वैठकबाट पूर्णता दिने गरी हाललाई देहाय बमोजिम हुने गरी संयोजक तोक्ने निर्णय गरियो ।

श्री हरिप्रसाद श्रेष्ठ -संयोजक
वडाध्यक्ष वडा नं.५
प्रस्ताव नं.१.८
नयाँ प्रशासनिक भवनको सरसफाई व्यवस्थापन सम्बन्धमा ।
निर्णय नं.१.८
यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको नयाँ प्रशासनिक भवनको सरसफाई गर्ने कार्य कार्यालयको मौजुदा जनशक्ति पर्याप्त नभएको कारण निजी क्षेत्र मार्फत गराउन उपयुक्त हुने देखिएकोले सोही बमोजिम हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.१.९
शीर्षकान्तर सम्बन्धमा ।
निर्णय नं.१.९
वडा कार्यालय वडा नं.७ को च.नं. ३०५२ मिति २०७९।२।१७ को प्राप्त पत्रानुसार चालु आ.व. ०७८/०७९ मा सोही वडास्थित गुरुङ्ग समुदायको शवदाह स्थल शिवनगर गुरुङ्ग डाडा जाने अग्नीपथ निर्माणका लागि वडास्तरीय बजेटमा विनियोजित बजेट रु.३ लाखबाट उक्त कार्य कार्यान्वयनमा कठिनाई भएको हुँदा शीर्षक परिवर्तन गरी तमं हयुल छोंज धीं गुरुङ्ग राष्ट्रिय परिषद्को नाममा अनुदान उपलब्ध गराई दिन अनुरोध भई आएको हुँदा पेश भए बमोजिम हुने गरी शीर्षकान्तर गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१.१०
अनुमोदन सम्बन्धमा ।
निर्णय नं.१.१०
आगामी आ.व.०७९/०८० का लागि प्रदेश समपुरक अनुदान सम्बन्धी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न मिति २०७९।२।११ भित्रको समय सिमा प्राप्त भएकोमा उल्लेखित मितिमा नगरकार्यपालिकाले पूर्णता नपाएका कारण अनुमोदनका लागि यस कार्यपालिका वैठकमा पेश गर्ने गरी आर्थिक मामिला तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश सरकारमा स्वीकृतिका लागि प्रस्ताव गरी पठाएका देहायका आयोजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क.सं.	आयोजनाको नाम	वडा नं.	लागत अनुमान रु.
१	बुद्धनगर तिनाउ पुलदेखि नहरपुर झोलुङ्गेपुल सम्म सडक	११	२,९९,२९,१९१।०८

	स्तरोन्नती		
२	भैरव-एयरपोर्ट, आरम्भ तथा ट्रान्सपोर्ट भिलेज सडक स्तरोन्नती तथा कालोपत्रे निर्माण कार्य	१२	२,९९,२१,०७९।६७

प्रस्ताव नं.१.११ विविध ।
प्रस्ताव नं.१.११.१
म्याद थप सम्बन्धमा ।
निर्णय नं.१.११.१
नेपाल सरकारको शशर्त अनुदान तर्फ आ.व.०७७/०७८ को स्वीकृत बजेट नीति तथा कार्यक्रम अन्तर्गत बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित बुटवल कालिका क्याम्पस भवनको तल्ला थप तथा फिनिसिङ्ग निर्माण कार्यका लागि मिति २०७८।३।१५ भित्रमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा कोभिड-१९ लगायतका विविध कारणले गर्दा म्याद थपका लागि सम्बन्धित Contractor बाट अनुरोध भई आए बमोजिम कार्यालयबाट म्याद थपका लागि पेश भएको हुँदा पेश भए बमोजिम मिति २०७९।३।१४ सम्मका लागि उल्लेखित आयोजनाको म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१.११.२
जग्गा उपयोग गर्ने सम्बन्धमा ।
निर्णय नं.१.११.२
बुटवल उपमहानगरपालिका वडा नं.११ स्थित नगरकार्यपालिकाबाट निर्मित वडा नं.११ को वडा कार्यालय भवनको उत्तरतर्फको नक्सा नं.९क कि.नं.९६ फिल्डबुकमा वगर जनिएको ज.वि. १७-३-१२ मध्ये देहायको प्रयोजनका लागि देहाय बमोजिमको क्षेत्रफल एवं चारकिल्ला कायम हुने गरी देहाय बमोजिमका कार्यक्रम संचालन एवं कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

<u>योगध्यान केन्द्र निर्माण गर्ने</u>
पूर्व : अव्यवस्थित बसोवास क्षेत्र ।
पश्चिम : पिच सडक २० फिट ।
उत्तर : पिच सडक २० फिट ।
दक्षिण : ग्राभेल सडक २० फिट ।

उल्लेखित चौकिल्ला भित्र ज.वि. ०-८-१४ योग ध्यान केन्द्रका लागि कायम हुने गरी र देहायको चौकिल्ला भित्रको ज.वि. ०-१७-१४ स्व. वि.पि.कोइराला, स्व.पुष्पलाल श्रेष्ठ र स्व.सूर्य प्रसाद प्रधानको स्मृतिमा (शालिक सहित) पार्क निर्माण प्रयोजनका लागि कायम हुने गरी ।
पूर्व : अव्यवस्थित बसोवास क्षेत्र ।
पश्चिम : पिच सडक २० फिट ।
उत्तर : ग्राभेल सडक २० फिट ।
दक्षिण : ग्राभेल सडक ३३ फिट ।

प्रस्ताव नं.१.११.३
ट्रस निर्माण सम्बन्धमा ।
निर्णय नं.१.११.३
बुटवल उपमहानगरपालिका वडा नं.१२ स्थित ढवाहमा सानिसा अवधारणा अन्तर्गत साझेदार कम्पनी रुपन्देही परिवहन प्रा.लि. र बुटवल उपमहानगरपालिका बीच सम्झौता भई निर्माण भएको र हाल रुपन्देही परिवहन प्रा.लि. मार्फत नै संचालनमा रहेको ढुवानीग्राम आयोजना परिसरमा श्रमिकलाई मालसामान अनलोड गर्ने क्रममा प्रचण्ड गर्मी र बर्षाका कारण कठिनाई भएकोले ट्रस निर्माणका लागि उल्लेखित कम्पनीले अनुमति माग गरेको र उक्त कार्य अति आवश्यक समेत भएको हुँदा संरचना निर्माणका कारण समयावधिमा कुनै तात्विक फरक नपर्ने गरी मात्र आवश्यक कार्यान्वयन प्रकिया अगाडि बढाउने गरी अनुमति दिने निर्णय गरियो ।

प्रस्ताव नं.१.११.४
ज्योतिनगर पहिरो सम्बन्धमा ।
निर्णय नं.१.११.४
बुटवल उपमहानगरपालिका वडा नं.३ स्थित ज्योतिनगर क्षेत्रमा उक्त क्षेत्रको चुरे पहाडबाट पहिरो खस्न गई त्याहाँको स्थानीय वस्तीलाई गत बर्ष ठूलो क्षति पुग्न गएको छ । उक्त पहिरो क्षेत्रको पानीढाल तर्काउने गरी आवश्यक कार्य नगर्ने हो भने यस बर्षको बर्षायाममा अरु थप क्षति हुने देखिएको हुँदा उक्त पानीढाल तर्काउनका लागि विपद् व्यवस्थापन शीर्षकबाट खर्च जनिने गरी तत्काल १५ लाख बरावरको कार्य प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।